नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

# प्रेस विज्ञप्ती

आर्थिक बर्ष २०७७/७८ को बजेट बक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने क्रममा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७।७।२७ को बैठकबाट स्वीकृत भएको **"व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७"** को दफा ४(१) बमोजिम गठित सञ्चालक समितिको वैठक समितिका अध्यक्ष अर्थ सचिव श्री शिशिर कुमार ढुङ्गानाको अध्यक्षतामा मिति २०७७।०८।०५ मा बस्यो। उक्त वैठकमा सचिव (राजस्व) श्री रामशरण पुडासैनी, महालेखा नियन्त्रक श्री मधुकुमार मरासिनी, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर श्री चिन्तामणी शिवाकोटी, कार्यकारी निर्देशक श्री देवकुमार ढकाल, नेपाल बैंकर्स संघका अध्यक्ष श्री भुवनकुमार दाहाल र अर्थ मन्त्रालयका सहसचिव श्री झक्क प्रसाद आचार्यको उपस्थिति थियो। उक्त वैठकमा व्यावसायिक निरन्तरता कर्जाका लागि स्रोत व्यवस्थापन, कर्जा प्रवाहको प्रकृयाका सम्बन्धमा विस्तृत छलफल भयो।

सो वैठकमा अर्थ मन्त्रालयले कर्जा प्रवाहका लागि स्रोत व्यवस्थापन गर्ने, नेपाल राष्ट्र बैंकले खाता सञ्चालन तथा कर्जा प्रवाहका लागि वाणिज्य बैंकहरुलाई निर्देशन जारी गर्ने एवं मंसिर १० गतेबाट कर्जा प्रवाहका लागि आवेदनका लागि सूचना प्रकाशन गर्ने लगायतका निर्णय गरियो।

अर्थ मन्त्रालय
मिति २०७७।०८।०५

रामेश्वर दंगाल
प्रवक्ता/सहसचिव